# फिक्कल गाउँपालिका

## खाङ्गसाङ्ग, सिन्धुली

### बागमती प्रदेश, नेपाल


**स्थानीय राजपत्र**

**खण्डः९** **संख्याः७** **मितिः २०८२/१०/२४**

**भागः २**


# बाँझो जमिन खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०८२


गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८२/१०/२३

प्रमाणित मितिः२०८२/१०/२३


**प्रस्तावनाः**

यस फिक्कल गाउँपालिकालाई खाद्य संकटबाट जोगाउन फिक्कल गाउँपालिकाका ६ वटै वडामा परम्परागत कृषि प्रविधि र उत्पादन प्रणाली अपनाइ सदियौंदेखि खेती गरीएको जमिन मध्ये केही जमिन केही वर्ष बाँझो रहेकोले सो भूमिलाई व्यवस्थित गर्न र पुन उत्पादनमुलक बनाउन आवश्यक भएकोले सोको व्यवस्थापन गर्न आगामी वर्षहरुमा फिक्कल गाउँपालिकालाई कृषिमा आत्मनिर्भर गराउने हेतुले फिक्कल गाउँपालिकाको कृषि तथा पशु व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा ३६ दिएको अधिकार प्रयोग गरी फिक्कल गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

# परिच्छेद-१

# प्रारम्भिक

**१. कार्यक्रम संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "बाझो जमिन खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८२" रहेको छ। ।

ख. फिक्कल गाउँपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि गाउँपालिका भर लागू हुनेछ।

**२. विषय वा प्रसँगले अर्को अर्थ नलागेमा,**

क. "कार्यविधि" भन्नाले बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८२ लाई सम्झनुपर्नेछ ।

ख. "बाँझो जग्गा" भन्नाले परम्परागत रुपमा खेती भैरहेको तर कम्तिमा विगत दुई वर्ष देखि खेती नगरी बाँझोरहेको जग्गालाई सम्झनुपर्दछ ।

ग. "किसान (कृषक) "भन्नाले कुनै पनि खेती गर्न चाहने व्यक्ति, तथा सहकारी समूहलाई सम्झनुपर्दछ।

घ. "व्यावसायीक" खेती भन्नाले परम्परागत खेती भन्दा माथि उठी आयआर्जनमुखि व्यवसायिक नगदे खेतीलाई सम्झनुपर्दछ ।

ङ. "फलफूल" भन्नाले सुन्तला, कागती, लगायत विभिन्नजातका फलफूललाई सम्झनुपर्दछ ।

च. "तरकारी" भन्नाले आलु, फर्सी, तितेकरेला, घिरौला, टमाटर, काउली, बन्दा. प्याज, हरियो कोसासिमी, हरियो कोसाबोडी आदि सम्झनुपर्दछ ।

च. मसलात्राली " भन्नाले अदुवा, बेसार, धनियाँ, अलैची. खुर्सानी आदी सम्झनुपर्दछ ।

छ. "अन्नवाली" भन्नाले धान, मकै, गहु, कोदो, जौ, फापर आदी सम्झनुपर्दछ ।
ज. "दलहन" भन्नाले मास, भटमास, बोडी, मसुरो, मुङ, रहर, गहत, झिलङ्गा आदी सम्झनुपर्दछ ।
झ. "पशुपन्छी" भन्नाले व्यावसायीक गाईपालन, भैसीपालन, बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन, टर्कीपालन, बट्टाईपालन आदीलाई सम्झनुपर्दछ ।
ञ. "चरन विकास" भन्नाले वस्तुभाउको आहाराको लागि उत्पादन गरीने आहारा, घाँस आदिलाई सम्झनुपर्दछ ।
ट. "स्थानीय तह" भन्नाले फिक्कल गाउँपालिका सम्झनु पर्दछ ।
ठ. "अनुदान" भन्नाले बाँझो जमिन व्यवस्थापन गर्नको लागि सम्पन्न गरीने कुनै प्रकारको कृषिजन्य क्रियाकलाप गरे वापत फिक्कल गाउँपालिकाबाट किसानलाई दिईने रकम सम्झनुपर्दछ ।

## ३. कार्यविधिको उद्देश्यः

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।
क. खेतीयोग्य जमिन युवाशक्तिको कमीका कारण बाँझिएर गइरहेकोमा उक्त उर्वरा भूमिको अधिकतम सदुपयोग गर्ने ।
ख. फिक्कल गाउँपालिकालाई खाद्यान्न, ताजा मौसमी तथा बेमौसमी तरकारी, ताजा फलफुल, दाल, मसलाबाली तथा दुध, अण्डामा आत्मनिर्भर बनाउँदै लैजाने
ग. फिक्कल गाउँपालिकाका कृषक तथा युवाशक्तिका लागि व्यावसायीक कृषि मार्फत रोजगारीको श्रृजना गर्ने।
घ. फिक्कल गाउँपालिकाका कृषकहरुलाई आधुनिक कृषि व्यवसायीक बनाउँदै लैजाने।

ङ. फिक्कल गाउँपालिकाका बेरोजगारीको चपेटामा परेका वा बसाइसराइको तैयारीमा रहेका युवाशक्तिलाई व्यावसायीक कृषिमा आकर्षित गरी यस गाउँपालिकामा टिक्ने वातावरण मिलाउने ।

च. विदेशबाट फर्किएका युवाशक्तिका लागि व्यावसायीक कृषि/पशुपालन व्यवसायतर्फ आकर्षित गर्ने।

## ४. कार्यक्रमको अपेक्षित प्रतिफलः

यस कार्यविधिको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धिको अपेक्षा गरीएको छ ।

क. बाँझो जग्गाको अधिकतम उपयोग हुनेछ ।

ख. स्वरोजगारीको अवसर सिर्जना हुनेछ।

ग. खाद्यान्न, तरकारी, मसला बाली, फलफूलको उत्पादनमा वृद्धि भई आयतमा प्रतिस्थापन हुनेछ, जसबाट यस फिक्कल गाउँपालिकामा क्रमशः आत्मनिर्भरतातर्फ अग्रसर हुनेछ ।

घ. किसान (कृषक) हरु प्रोत्साहित भई व्यावसायीक कृषि क्षेत्रमा आकर्षित हुनेछन् ।

ङ. युवाशक्ति रोजगारीको लागी देशको अन्य स्थान तथा विदेश पलायन हुन रोकिने छ ।

## ५. कार्यक्रम सञ्चालनको अवधारणाः

यस कार्यक्रमको अवधारणा तपसिल बमोजिम रहेको छ ।

क. खेतीयोग्य बाँझो जग्गालाई अधिकतम उपयोग गरी आय-आर्जनमा वृद्धि गर्ने उद्देश्यका साथ प्राथमिकतामा परेको कृषि क्षेत्रको विनियोजित रकम र आवश्यक परे अन्य शिर्षकबाट रकमान्तरगरी आवश्यक रकम खर्च गर्ने गरी

यो कार्यविधि निर्माण गरी बाँझो जग्गा खेति प्रबर्धन गर्ने रणनिति तय गरीएको छ ।

ख. यो कार्यक्रम यस आ.व.२०८२/८३ को लागी सञ्चालन गरीने छ।आवश्यकता अनुसार प्रभावकारिता हेरी यस कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिन सकिनेछ ।

ग. यस कार्यक्रम अन्तरगत व्यक्ति वा समुहको निजी जमिन, अर्को व्यक्ति वा समुहबाट लिज वा भाडामा लिइएको जमिन वा फिक्कल गाउँपालिकाका मार्फत लिजमा लिइएको जमिन समेटिने छ तर २ वर्ष यता उत्पादनविहीन बाँझो जग्गाको अधिकतम प्रयोगको रणनिति रहेकोछ ।

घ. यस कार्यविधिअनुसार उपयोगमा आउन बाँकी रहेको बाँझो जग्गाको सन्र्दभमा बाँझो रहनुको कारण समेतको आधारमा आगामी आ.व. देखि बाँझो जग्गामा करको दर जग्गा बढाईनेछ ।

ङ. यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन प्रत्येक वडा कार्यालयको सिफारिसमा सम्बन्धित वडा कार्यालयमार्फत गरीनेछ ।

## ६. बाँझो जग्गाको उपयोगः

यस कार्यक्रम अन्तरगत बाँझो जग्गालाई तपसिल अनुसार उपयोग गर्न सकिनेछ ।

क. मौसमी तथा बेमौसमी व्यावसायीक तरकारी खेती

ख. व्यावसायीक फलफूल बगैंचा स्थापना

ग. व्यावसायीक मसला खेती

घ. चक्लावन्दी आधुनिक वीउ उत्पादन वा अन्नखेती

ङ. व्यावसायीक दलहन खेती

च. व्यावसायीक नगदेबाली खेती

छ. व्यावसायीक मौरीचरन/पालन

ज. व्यावसायीक पशुपालन तथा चरन विकास खेती

झ. व्यावसायीक रेशमखेती

ञ. व्यावसायीक च्याउखेती

ट. पार्क र फलफूल बगैंचा

ठ. कृषि पर्यटन सम्बन्धी अन्य योजना

ड. पुष्प बगैचा तथा व्यावसायीक पुष्पखेती, नर्सरी

ढ. व्यावसायीक माछ्रा, हाँसपालन

## परिच्छेद-२

### ७. अनुदान रकम र भुक्तानी प्रक्रिया सम्बन्धी व्यवस्थाः

यस कार्यक्रम अन्तर्गत बाँझो जग्गा उपयोग गर्नको लागी यस आ.व. देखि जमिन उपयोगमा आएको पहिलो वर्षका लागी फिक्कल गाउँपालिकाका को तर्फबाट तपसिल अनुसारको अनुदान सहयोग दिइनेछ।

(१) तोकिएको क्षेत्रफलमा गरिएको कार्यसम्पन्नताको आधारमा एक रोपनी क्षेत्रफलमा खेति गरिए बापत रु. २५००/- (अक्षरूपी रू. दुई हजार पाँच सय मात्र) का दरले कुल बाँझो जग्गा खेतिको क्षेत्रफलको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीलाई उपलब्ध गराईनेछ।

(२) अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट सम्बन्धित वार्डको कार्यसम्पन्न सिफारिस पत्र, कार्यक्रम झल्किने फोटोहरु र

समूह/सहकारीको हकमा कार्य सम्पन्ननाको बैठक निर्णयका आधारमा गरिनेछ ।

(३) अनुदान रकमको भुक्तानी बाँझो जग्गामा बाली लगाई उपयोग गर्न थालेपछि एकमुस्ठ रुपमा फिक्कल गाउँपालिका मार्फत प्रदान गरिनेछ ।

(४) साझेदारी कार्यक्रम सम्पन्न भईसकेपछि सोको सञ्चालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

**८. निवेदन दिने स्थान र पेस गर्नुपर्ने कागजातहरुः**

१. सरकारी निकायमा दर्ता भएका सक्रिय कृषक वा कृषक समूह/कृषि सहकारी/कृषि फर्मले बाँझो जग्गामा खेतीगर्ने सम्बन्धी अनुसुचि-२ अनुसारको निवेदन सम्बन्धित वडा कार्यालयमा पेस गर्नुपर्नेछ।

२. निवेदन साथ निम्न अनुसारका कागजातहरु पेस गर्नुपर्नेछ ।

क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. बाँझो रहेको जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

ग. लिज/भाडामा लिएको भए सोको सम्झौता पत्र

घ. जग्गा गत २ वर्ष देखि बाँझो रहेको भन्ने सम्बन्धी वडा कार्यालयबाट बाँझो खेती गर्ने जग्गाको चौकिल्ला सहितको सिफारिस पत्र ।

ङ. बाँझो जग्गामा लगाइने बालीको क्षेत्रफल विवरण

च. बाली लगाउने व्यावसायीक योजना समेतको कार्य विवरण

**९. कार्यान्वयन प्रक्रियाः**

क. फिक्कल गाउँपालिकाले अनुसूची १ अनुसारको ढाचामा १५ दिने सूचना प्रकाशित गर्नेछ। सुचना प्रकासित भएको १५  दिन भित्र कृषकले सम्बन्धित वडामा निवेदन पेस गर्नुपर्नेछ ।

ख. निवेदन संकलन भएको ५ दिन भित्र सम्बन्धित वडा प्रविधिकले सिफारिस र विवरण गाउँपालिका स्थित कृषि शाखामा पठाउनुपर्नेछ ।
ग. विवरण प्राप्त भएको ३० दिन भित्र बाझो जमिन खेती प्रवर्धन कार्यक्रम व्यवस्थापन समितिले  बैठक बसी अनुसूची ६ अनुसार प्रस्ताव मुल्याङ्कन गरी अनुदानका लागि सिफारीस गरीनेछ।
घ. फिक्कल गाउँपालिकाको कृषि शाखाका प्राविधिकहरुले सिफारिस गरेको ३० दिन भित्र अनुदान निकासा हुनेछ ।
ङ. अनुसूची-५ अनुसार सम्झौता गरी फिक्कल गाउँपालिकाको कार्यालयले अनुदान वितरण गर्नेछ।

२. कुनै कारणवश निवेदकले गलत विवरण पेस गरी अनुदान प्राप्त गरेमा फिक्कल गाउँपालिकाले निर्णय गरे अनुसार कारवाही हुनेछ ।
३. अनुदान प्राप्त कृषकले जुन प्रयोजनको लागी लिएको हो सो कार्य पुरा गर्नुपर्नेछ। अनुदान तोकिएको कार्यमा खर्च नभएको पाइएमा जरिमाना सहित अनुदान रकम फिक्कल गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ।
४. बाँझो जग्गा खन्ने/जोत्ने कामको प्राविधिक इस्टिमेट/बाँझो जग्गा खनजोत भई बाली लगाएको वा पशुपालनकोहकमा गोठटहरा बनाएको आधारमा प्राविधिक र फिक्कल गाउँपालिकाको कार्यालयबाट अनुगमन गरी सकेपछि प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ।

**१०. कार्यक्रम व्यवस्थापन समिति गठनः**

क. यस कार्यक्रम अन्तर्गत  प्रस्ताव छनौट मूल्याङ्कन, अनुदानका लागि सिफारिस, अनुगमन, व्यवस्थापन र कार्यक्रमलाई सहजीकरण गर्नको लागि

तपसिल अनुसारको बाझो जमिन खेती प्रवर्धन कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| फिक्कल गाउँपालिकाका उपाध्यक्ष- | संयोजक |
| फिक्कल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत- | सदस्य |
| फिक्कल गाउँपालिकाका सम्बन्धित वडाको वडा अध्यक्ष- | सदस्य |
| फिक्कल गाउँपालिका पशुसेवा शाखाका प्रमुख- | सदस्य |
| फिक्कल गाउँपालिकाका सम्बन्धित वडाको वडा कृषि प्राबिधिक - | सदस्य |
| फिक्कल गाउँपालिकाका कृषि शाखाका प्रमुख - | सदस्य सचिव |

ख. समितिद्धारा चालू आ.व को चौमासिक रुपमा अनुगमन प्रतिवेदन फिक्कल गाउँपालिकाकाको कृषि शाखामा पेस गर्नुपर्नेछ ।

## परिच्छेद-३
## विविध

**११. प्रचलित कानुन लागू हुनेः यस कार्यविधिमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित बमोजिम कानुन बमोजिम हुनेछ ।**

**१२. बाधा अड्काउ फुकाउः यस कार्यविधिको व्याख्यामा दुविधा भएमा फिक्कल गाउँपालिकाकाको निर्णयका आधारमा निकास निकालिने छ।**

## अनुसूची-१

## बाँझो जमिन खेति प्रबर्धन कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हान गरीएको सूचना।

फिक्कल गाउँपालिकाका आ.व..........को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बाँझो जग्गा व्यवस्थापनको लागि फलफूल/तरकारी/मसलाबाली/अन्नवाली/ मौरीपालन चरन विकास च्याउखेती/दलहनबाली/रेसम खेती पशुपालन तथा चरन विकास पुष्प बगैंचा तथा पुष्पखेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/माछा, हाँसपालन/व्यावसायीक कृषि आदि अन्य खेती व्यवसाय कार्यक्रमको माध्यमवाट बाँझो जमिन खेती प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक व्यावसायीक कृषक, निजि फर्म, कृषक समूह तथा कृषि सहकारीवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।
पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राखन समेत यसै सूचनाद्वारा सूचित गरीन्छ।

तपसिलः

१- अनुसूची-२ अनुसारको आवेदन फाराम ।

२- अनुसूची-३ अनुसारको संक्षिप्त कार्य योजना सहितको प्रस्ताप पत्र ।

३- नपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

४- अनुसूची-४ अनुसारको स्वघोषणा पत्र ।

५- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

६- बाँझो रहेको जग्गाको जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि ।

७- लिज/भाडामा लिएको भए सम्झौताको प्रतिलिपि ।

८ विवरण साँचो हो भनी वडा प्रतिनिधि सहितको चौकिल्ला खुल्ने मुचुल्का वा सिफारिस पत्र।

९.अन्य प्रमाणपत्रहरुको (विषयगत तालिम, विषयगत शैक्षिक योग्यता, आदी) प्रतिलिपि ।

# अनुसूची-२
# आवेदन फाराम

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
फिक्कल गाउँपालिकाको कार्यालय, सिन्धुली

विषयः- बाँझो जमिन खेति प्रवर्धन कार्यक्रम अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा म यसै फिक्कल गाउँपालिका वडा नं....... को स्थायी बासिन्दा हुँ। त्यस कार्यालयको मितिः २०.../.../.... गतेको सूचना अनुसार बाँझो जग्गामा खेती गर्न अनुदानका लागि निवेदन माग भएकोमा तपसिलको विवरण सहित सो अनुदान रकम प्राप्त गर्न यो निवेदन पेस गर्दछु ।

विवरणः

१. बाँझो जग्गाको क्षेत्रफलः

२. खेती गर्ने चाहेको बालीः फलफूल / तरकारी/मसलाबाली/अन्नबाली / मौरीपालन चरन विकास/ च्याउखेती/दलहनबाली/रेशम खेती/पशुपालन तथा चरन विकास / पुष्प बगैचा तथा पुष्पखेती/कृषि पर्यटन सम्वन्धी कृषियोजना/माछ्रा, हाँसपालन/व्यावसायीक कृषि आदि खेती व्यवसाय अन्य अन्य

३. जग्गा धनिको नामथरः

४. जग्गाको स्वामित्वः आफ्नै/भाडा/लिज

५. जग्गाको किसिमः खेत/पाखोबारी

उपर्युक्त अनुसारको विवरण ठिक साँचो हो झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

संलग्लन कागजातहरुः

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१

२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि-१

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र-१ र चौकिल्ला प्रमाणित समेतको मुचुल्का १

४. लिज/भाडामा लिएको सम्झौताको प्रतिलिपि-१

निवेदक

कृषक/निजी फार्म/ कृषक समूह/सहकारी संस्थाको अध्यक्ष/ प्रतिनिधिको नामः

हस्ताक्षरः

नामः

ठेगानाः

## कृषि प्राविधिकको सिफारिस

निवेदक श्री.................................को निवेदन अनुसार
श्री.................................................................................
को नाममा रहेको क्षेत्रफलको खेत बारी /खेतीको लागी उपयुक्त रहेको छ
।

कृषि प्राविधिक

## वडागत रूपमा पठाउनुपर्ने विवरण/सिफारिसको ढाँचा

मितिः

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**फिक्कल गाउँपालिकाको कार्यालय, सिन्धुली।**

विषयः-विवरण पठाईएको बारे ।

मिति .....................को सुचना अनुसार बाँझो जमिन खेति प्रवर्धन कार्यक्रम सम्बन्धी संकलन भएका निवेदनहरु पठाईएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | कृषकको नाम थर | जग्गाको प्रकृति | लगाउने वाली | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

वडा सचिव
फिक्कल गाउँपालिका
वडा नं. ... सिन्धुली

# अनुसूची-३
## प्रस्ताव पत्र

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | |
| १० | भ्याट /पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | |
|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरूष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | |
|---|---|
| १८ | कार्यक्रममा सहभागी हुने कृषकहरुको विवरण |

| क्र.सं. | कृषकको नामथर | ठेगाना | जग्गाको विवरण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | कित्ता नं. | बाझो जग्गाको क्षेत्रफल (रोपनी) | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | |
|---|---|
| १९ | क्रियाकलाप कार्यान्वयन योजनाः |

| | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| २० | कार्यक्रम समाप्ती पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| | | |
|---|---|---|
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |
| २२ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेल खाने मात्र): | |

<table>
<tr><td>२२.१</td><td colspan="4"></td></tr>
<tr><td>२२.२</td><td colspan="4"></td></tr>
<tr><td>२२.३</td><td colspan="4"></td></tr>
<tr><td>२२.४</td><td colspan="4"></td></tr>
<tr><td>२३</td><td colspan="3">उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु.</td><td></td></tr>
<tr><td rowspan="2">२४</td><td colspan="4">प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने :</td></tr>
<tr><td colspan="3">अनुभव तथा तालिमहरु</td><td>अवधी</td></tr>
<tr><td>२४.१</td><td colspan="3"></td><td></td></tr>
<tr><td>२४.२</td><td colspan="3"></td><td></td></tr>
<tr><td>२४.३</td><td colspan="3"></td><td></td></tr>
<tr><td>२४.४</td><td colspan="3"></td><td></td></tr>
<tr><td rowspan="2">२५</td><td colspan="4">प्रस्तावकसंग विद्यमान जनशक्ति विवरणः</td></tr>
<tr><td>जनशक्ति विवरण</td><td>शैक्षिक योग्यता</td><td colspan="2">तालिमको नाम र अवधी</td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२६</td><td colspan="3">प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी संख्याः</td><td></td></tr>
</table>

<table>
<tr><td colspan="6">ख) आर्थिक प्रस्तावः</td></tr>
<tr><td colspan="6">प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः</td></tr>
<tr><td>क्र. सं.</td><td>मुख्य-मुख्य क्रियाकलापहरु</td><td>अनुदान सहयोग</td><td>निजि लगानी</td><td colspan="2">जम्मा लगानी रकम रु.</td></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>३</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>४</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>५</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td colspan="4">जम्मा रकम रु.</td><td></td><td></td></tr>
<tr><td colspan="4">लगानीको स्रोत (स्वः लगानी वा ऋण वा सामुहिक लगानी) खुलाउनुपर्ने</td><td colspan="2"></td></tr>
<tr><td colspan="6">उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।</td></tr>
<tr><td colspan="6">प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको</td></tr>
<tr><td colspan="3">नामः</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">पदः</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">हस्ताक्षरः</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">मितिः</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">संस्थाको छाप</td><td colspan="3"></td></tr>
</table>

# अनुसूची-४
## स्व-घोषणा पत्र

फिक्कल गाउँपालिका सिन्धुली द्वारा सञ्चालन हुन गइरहेको बाँझो जमिन खेती प्रवर्धन कार्यक्रमका लागि म/हामी (कृषक /निजी फर्म /कृषक समूह /कृषि सहकारी) सँग सिन्धुली जिल्ला फिक्कल गाउँपालिका वडा नम्बरमा.........मा ................ रोपनी जग्गा .................वर्षदेखि बाँजो रहेको सो घोषणा गर्दछु/गर्दछौं

उपर्युक्त व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानुन बमोजिम सहुँला/ बुझाउँला।

| सि.न. | आवेदकको नाम थरः | नागरिकता नम्बर र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

# अनुसूची-५
# सम्झौता पत्र

यो सम्झौता मिति २०....साल गतेका दिन फिक्कल गाउँपालिका सिन्धुली (यसपछि प्रथम पक्ष भनिने र ......................................यसपछि दोस्रो पक्ष भनिने बीच बाँझो जमिनमा खेतीका प्रबर्धन  कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ। यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मिति देखि लागू हुनेछ

१. सम्झौता गरेको कामको विवरणः

| |
|---|
| कार्यकमको शिर्षकः बाँझो जमिन खेति प्रबर्धन कार्यक्रम<br>कार्यक्रम सञ्चालन स्थानः<br>कार्यक्रम सञ्चालन गर्ने संस्थाको ठेगानाः |

२. कार्यक्रम सञ्चालनको समयावधि

शुरु

| | |
|---|---|
| मिति : | |
| सम्पन्न हुने मिति : | |
| कार्यक्रमको कूल अवधि (महिना। दिन) | |

विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतीको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ ।

३. सम्झौताका शर्त एवं अवस्थाहरु (Terms and Conditions)

(क) द्रोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

(ख) प्रथम पक्षले द्रोस्रो पक्षलाई बाली लगाई उपयोग गर्न थालेपछि एकमुस्ठ रुपमा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

(ग) प्रथम पक्षले रकम भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकता अनुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ ।

४. अनुदान बापत
रु–......................(अक्षरुपी.......................मात्र)नियमानुसार करकट्टि गरि प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनेछ।

५. दोस्रो पक्षले स्विकृत प्रस्तावमा उल्लेख भरिएका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

६. पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

७. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको बा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकि सरह असुल उपर गरिनेछ।

८. दोस्रो पक्षको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम सञ्चालन अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

| | |
|---|---|
| बैंकको नाम तथा ठेगाना : | |
| बैंक खाताको नामः | |
| बैंक खाता नं. | |
| बैंक खाताको किसिम : | |
| खाता संचालकको नाम :<br>पद : | |

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर | दोस्रो पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर |
|---|---|
| हस्ताक्षरः<br>नाम<br>पद<br>संस्था :<br>ठेगानाः<br>छाप | हस्ताक्षरः<br>नाम<br>पद<br>संस्था :<br>ठेगानाः<br>छाप |
| साक्षी<br>मिति<br>नाम<br>पद<br>संस्था<br>ठेगाना | साक्षी<br>मिति<br>नाम<br>पद<br>संस्था<br>ठेगाना |

# अनुसूची ६

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

पूर्णाङ्कः १००

उत्तिर्णाङ्कः ५०

| क.सं. | विवरण | कुल अङ्क | कैफियत |
|---|---|---|---|
| १ | प्रस्तावकको प्रकार | १० | समूह, सहकारी, निजी फार्म, कम्पनी वा कृषक |
| २ | प्रस्तावकको व्यावसायिक कृषिमा अनुभव | १० | |
| ३ | प्राविधिक एवं भौगोलिक उपयुक्तता | १० | |
| ४ | रोजगारी सिर्जना | ५ | |
| ५ | प्रस्तावित कार्यक्रमबाट लाभान्वित कृषक सङ्ख्या र सामावेसिता | ५ | |
| ६ | कार्यक्रमका लागि उपलब्ध जग्गाको स्वामित्व | १० | आफ्नै, भाडामा, संस्थाको नाममा/सदस्यको नाममा |
| ७ | कार्य योजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता, व्यावसायिकता र कार्यक्रमसंगको तालमेल | २५ | |

| | | | |
|---|---|---|---|
| ८ | प्रस्तावित कार्यको नविनता | ५ | |
| ९ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १० | |
| १० | उपलब्ध सुविधा, स्रोत तथा भौतिक पूर्वाधार | १० | सडक, बिजुली, पानी, लगायतका सुविधा तथा भण्डारण, प्रशोधन लगायतका पूर्वाधार |

नोटः कार्यक्रमको प्रकृति अनुरुप मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ ।

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**